संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८०/०३/१९, बैठक संख्या: ०४

## निर्णय

**समितिको आज बसेको बैठकमा देहाय बमोजिमका निर्णयहरु गरियो :**

१. नेपाल सुनचाँदी व्यवसायी महासंघबाट करको दर परिवर्तनका सम्बन्धमा सो महासँघबाट प्राप्त निवेदनमाथि नेपाल सुनचाँदी व्यवसायी महासंघ, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री र सचिव सहितको समितिको बैठकमा छलफल भयो । उक्त छलफलमा सुनचाँदी व्यवसायको हालको समग्र अवस्थाका सम्बन्धमा समितिले थप गहन अध्ययन, छलफल गर्नु पर्ने भएकोले नेपाल सुनचाँदी व्यवसायी महासंघबाट सुनचाँदी व्यवसायको हालको समग्र अवस्था, समस्याहरु र समाधानका उपायहरु समेत उल्लेख गरीएको आधिकारीक लिखित धारणा र विवरणहरु यथाशिघ्र समितिमा माग गर्ने र सरोकार पक्षसँग थप छलफल गर्ने ।

२. प्रतिनिधि सभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा रही कार्य गर्नु भएका पूर्व माननीय सदस्यहरु श्री प्रकाश रसाईली स्नेही र श्री विन्दा पाण्डेले विगतको ५ बर्षे कार्यकालमा समितिबाट भए गरेका कामकारबाहीहरु, कार्यसम्पादन गर्दा आइपरेका समस्याहरु, काम गर्ने क्रममा सिकेका सिकाइहरु, समितिले गरेका कामकारबाही र यस समितिले गर्नु पर्ने कामहरु लगायतका अनुभवहरु प्रस्तुत गर्नुभयो ।

३. समितिको अर्को बैठक मिति २०८० असार २२ गते विहान ११:०० बजे बस्नेगरी आजको बैठक स्थगित गरियो ।